गौ.गा.का.पा.वै.सं-१९/२०८१/०८२

आज मिति २०८२/०३/०१ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल वमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद चुवेदी – प्रशासकीय अधिकृत

प्रेम बहादुर कुँवर – लेखापाल

**निर्णय नं. १ : गाउँ सभाको आवहान सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको १९ औं अधिवेशन को पहिलो बैठक मिति २०८२ साल असार ८ गते आवहान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २ : बेरुजु फस्र्यौट सम्बन्धमा ।**

गौमुखी गाउँपालिका सार्वजनिक लेखा समितिले व्यापक अध्ययन तथा छलफल पश्चात आ.व. २०७३/०७४ देखि आ.व. २०८०/०८१ सम्म देखिएका बेरुजु सम्बन्धमा तयार पारेको प्रतिवेदन स्वीकृत गरि प्रतिवेदनमा सुझाएका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित संस्था तथा व्यक्तिहरुलाई निर्देशन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३ : श्रममा आधारित कार्य गर्नको लागि रकम विनियोजन सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको रोजगार शाखा अन्तर्गत रहि श्रममा आधारित कार्य गर्नको लागि गत आ.व. हरुमा संघिय सरकारबाट स्थानीय तहहरुको कुनै साझदारी नहुने गरि श्रममा आधारित कार्य भइराखेको तर आ.व. २०८२/०८३ देखि सम्बन्धित स्थानीय तहहरुले श्रममा आधारित कार्य गर्नको लागि संघिय सरकारबाट प्राप्त रकम बराबरको सम्पुरक रकम विनियोजन गर्नुपर्ने बाध्यकारी अवस्थालाई मध्यनजर गरि श्रमको लागि सम्पुरक रकम विनियोजन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner